परिचय:-

बर्दिबास नगरपालिका अन्तर्गत रहेको विपद् व्यवस्थापन शाखाले नगरभित्र हुने विपद् जोखिम न्यूनीकरण, विपद् पूर्वतयारी, प्रतिकार्य, खोज तथा उद्धार, राहत वितरण, पुनःस्थापना तथा पुनर्निर्माण सम्बन्धी कार्यहरूको योजना, समन्वय र कार्यान्वयन गर्ने काम गर्दछ।

विपद् व्यवस्थापन शाखाका मुख्य उद्देश्यहरू

1. **विपद् सम्बन्धी जनचेतना र पूर्वसूचना प्रणाली सुदृढ गर्नु**
   नागरिकमा जनचेतना अभिवृद्धि गर्ने र समयमै पूर्वसूचना प्रवाह गरी विपदको जोखिमबाट हुने क्षति न्यूनीकरण गर्ने ।
2. **सरोकावाला निकायसँग समन्वय र सहकार्य सुदृढ गर्नु**
   स्थानीय, प्रदेश, संघीय निकाय, सुरक्षा निकाय, गैरसरकारी संस्था तथा समुदायसँग समन्वय गरी प्रभावकारी विपद् व्यवस्थापन सुनिश्चित गर्ने ।
3. **विपद् पूर्वतयारीलाई प्रभावकारी बनाउनु**
   विपद् व्यवस्थापन योजना निर्माण, अभ्यास, तालिम, सामाग्री तथा स्रोतको तयारी गरी पूर्वतयारी सशक्त बनाउने ।
4. **विपद् जोखिम न्यूनीकरण गर्नु**
   विपदको जोखिम पहिचान, मूल्याङ्कन तथा संरचनागत र गैरसंरचनागत उपायहरु लागू गरी जोखिम न्यूनीकरण गर्ने ।
5. **प्रभावकारी प्रतिकार्य प्रणालीको विकास गर्नु**
   विपदको समयमा खोज, उद्धार, राहत तथा आपतकालीन सेवा छिटो, प्रभावकारी र समन्वयात्मक रुपमा सचालन गर्ने ।
6. **राहत, पुनःस्थापना तथा पुनर्निर्माणमा सहयोग पुर्याउनु**
   विपद् प्रभावित नागरिकलाई आवश्यक राहत उपलब्ध गराई सुरक्षित पुनःस्थापना र दिगो पुनर्निर्माणमा सहयोग गर्ने ।
7. **समुदायको विपद् प्रतिरोधात्मक क्षमता अभिवृद्धि गर्नु**
   समुदायमा सीप, क्षमता र स्रोतको विकास गरी दिगो तथा विपद् प्रतिरोधी समुदाय निर्माण गर्ने ।

विपद् व्यवस्थापनका चरणहरु
❖ विपद् जोखिम न्यूनिकरण गर्नु,
❖ जनधनको रक्षा गर्नु,
❖ पुनः सामान्य अवस्था कायम गर्नु,
❖ पुनः निर्माणलाई जोडन,
१
विपद् जोखिम न्यूनीकरण
• विपद् पूर्व गरिने जोखिम विश्लेषण,पहिचान तथा मूल्याङ्कन
२
पूर्वतयारी
• विपद् व्यवस्थापन योजना तयार गर्ने
• जनचेतना, तालिम र अभ्यास सञ्चालन गर्ने
• खोज तथा उद्धार सामग्री तयारी गर्ने
• पूर्वसूचना प्रणाली सुदृढ गर्ने
३
प्रतिकार्य
• खोज तथा उद्धार कार्य सञ्चालन
• राहत वितरण
• प्रभावितको सुरक्षित स्थानमा व्यवस्था
• स्वास्थ्य तथा आपतकालीन सेवा समन्वय
४
पुनःस्थापना तथा पुनर्निर्माण
• प्रभावित परिवारको पुनःस्थापना
• क्षतिग्रस्त पूर्वाधारको मर्मत तथा पुनर्निर्माण
• जीविकोपार्जन पुनःस्थापना
• भविष्यका लागि सुरक्षित तथा दिगो पुनर्निर्माण
विपद् व्यवस्थापन चक्र


विपद् व्यवस्थापन कोष
आ.व. २०८२/०८३ को वित्तीय विवरण
मौजुदा रकम (कोषमा)
रु. १०,००,०००/-
(दश लाख)
५.०८%
(रु.१०,००,०००/-)
९४.९२%
(रु. १,८७,००,०००/-)
कुल खर्च
रु. १,८७,००,०००/-
(एक करोड सतासी लाख)
कुल बजेट
रु. १,९७,००,०००/- (एक करोड सन्तानब्बे लाख)

आ.व. २०८२/०८३ मा स्थानीय विपद् व्यवस्थापन समितिको बैठकको विवरण



विपद् व्यवस्थापन कोषबाट शीर्षकगत खर्च विवरण



विपद् व्यवस्थापन शाखाका प्रमुख गतिविधिहरु (फोटो झलक)

छलफल तथा बैठक

विपद् व्यवस्थापन शाखाका प्रमुख गतिविधिहरु (फोटो झलक)

जोखिम न्यूनिकरण

विपद् व्यवस्थापन शाखाका प्रमुख गतिविधिहरु (फोटो झलक)

विपद् प्रतिकार्य तालिम

बर्दिबास नगरपालिकाको आर्थिक सहयोगमा संचालित विपद् प्रतिकार्य तालिम

विपद् व्यवस्थापन शाखाका प्रमुख गतिविधिहरु (फोटो झलक)

राहत वितरण

२०८२ साल असोज महिनामा आएको बर्षाको कारण डुवानमा परेका हरुलाइ राहत वितरण

विपद् व्यवस्थापन शाखाका मुख्य चुनौतीहरू

1 सीमित बजेट तथा स्रोत-साधन



विपद् व्यवस्थापनका कार्यक्रमहरु संञ्चालन गर्न पर्याप्त बजेट र स्रोत-साधनको कमी।

2 खोज तथा उद्धारका आधुनिक उपकरण र सामग्रीको अभाव

खोज तथा उद्धारका लागि आवश्यक आधुनिक उपकरण तथा प्रविधिको अभावले प्रभावकारी सेवा दिन कठिनाइ।

3 जलवायु परिवर्तन



जलवायु परिवर्तनका कारण बाढि, सुख्खायाम ,हावाहुरी, चट्याङ्ग जस्ता विपदको आवृत्ति र तीव्रतामा वृद्धि।